आज मिति २०८२।११।२५ गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गम तिमिल्सिना, आर्थिक प्रशासन शाखा प्रमुख
२. बासु पण्डित, प्रशासन शाखा प्रमुख
३. कुमोल राउत, पूर्वाधार विकास शाखा प्रमुख
४. तेजकुमार धमला, अधिकृत छैटौं

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताब पेश कार्यसूची

बैठक संख्याः ६७
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८२।११।२५
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।११।२५ | ११:०० बजे | खानेपानी मुहान मर्मतका लागि ग्याबिन जाली उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८२।११।२५ | ११:०५ बजे | घरमाथि परेको विजुलीको पोल स्थानान्तरण गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८२।११।२५ | ११:१० बजे | IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

इन्द्रसरोवर? ... 

<u>पूर्व बैठकको समीक्षा</u>

मिति २०८२।१०।२० मा बसेको ६६ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

<u>मिति २०८२।११।२५ मा बसेको ६७ औं कार्यपालिका बैठकको निर्णयहरुः</u>

<u>निर्णय नं.१:</u> यस गाउँपालिका अन्तर्गत ७ नं. वडाको खेतबारी टोल विकास संस्थामा पर्ने खेतबारी खानेपानी सरसफाई उपभोक्ता समितिमा आवद्ध ७८ घरधुरीले प्रयोग गर्दै आएको खानेपानी मुहानमा बाढीले क्षति पुऱ्याएकोले मुहान मर्मतका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी प्राविधि लागत इष्टिमेटमा उल्लेख भएबमोजिमको ग्याविन जाली सम्बन्धित उपभोक्ता समितिलाई उपलब्ध गराउने।

<u>निर्णय नं.२:</u> यस गाउँपालिका अन्तर्गत ३ नं. वडा निवासी तिर्थ कुमारी गुरुङको घरमाथि परेको विजुलीको तार हटाउन विद्युत प्राधिकरणको स्वीकृत लागत अनुमान बमोजिम विद्युत विस्तार मर्मत सुधार र सडकबत्ती बजार सौन्दर्यीकरण शिर्षकबाट खर्च लेख्नेगरी विद्युत प्राधिकरणसँग समन्वय गरी मर्मत सुधार गर्ने।

<u>निर्णय नं.३:</u> यस गाउँपालिका अन्तर्गत वडा नं. ६ मा पर्ने रिग्दी खोलाको बगर तथा ७ नं. वडामा पर्ने खगेरी खोला, रानीभोटी खोला र स्याङ्दी खोलामा पर्ने बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा लगाएतका नदीजन्य पदार्थ उत्खनन् तथा निकासी कार्यकोलागि NKA Engineering Consultant Pvt. Ltd., Tarkeshswor-4, Kathmandu ले तयार गरी पेश गरेको **IEE Report** स्वीकृत गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दल बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner